# बैठक नं. - चौधौं
# मितिः २०७४।११।२१ गते

आज मिति २०७४ साल फाल्गुण १२ गतेका दिन यस मुसिकोट नगरपालिकाका नगर प्रमुख श्री देविलाल गौतम ज्यूको अध्यक्षतामा बैठक बसि तपसिलमा उल्लेखित व्यक्तिहरुको उपस्थितिमा तपशिल बमोजिमका निर्णयहरु गरियो ।

प्रस्तावहरु

१. एकीकृत सम्पत्ति कर लागु गर्ने सम्बन्धमा ।
२. दोस्रो नगर सभा स्थगन सम्बन्धमा ।
३. अपांग/ बालबालिकाहरु सम्बन्धी रकम सम्बन्धमा ।
४. प्रतिनिधि खटाउने सम्बन्धमा ।
५. यातायात व्यवसायि सुचिकृत गराउने सम्बन्धमा ।

**निर्णय नं. १.**

प्रस्ताव नं. १ लाई व्यापक छलफल गर्दा स्थनिय सरकार सञ्चालन ऐन २०७४ ले आगामी २०७५ श्रावण १ गते देखी सबै स्थानिय तहहरुमा एकीकृत सम्पत्ती कर लागु गर्ने उल्लेख भएकोले उक्त कर लागु गर्ने वडा अध्यक्षहरु नगर कार्यपालिका सदस्यहरु तथा नगरपालिका कर सम्बन्धीत शाखा तथा वडा सचिवहरुलाई तत्काल अभिमुखिकरण कार्यक्रम आयोजना गरी नगर क्षेत्रमा एकीकृत सम्पत्ती कर लागु गर्न व्यवस्था मिलाउन नगर कार्यपालिकालाई निर्देशन दिने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ लाई व्यापक छलफल गर्दा दोस्रो नगरसभा मिति २०७४।११।२३ र २४ गते सम्पन्न गर्ने भनि मिति २०७४ फाल्गुण ८ गतेको कार्यपालिकाको निर्णय भएकोमा एकीकृत सम्पत्ती कर सम्बन्धी तयारी लगायतका विभिन्न कारणले गर्दा हाललाई स्थगत गर्ने गरी आगामी महिनाको उपयुक्त समयमा दोस्रो नगरसभा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ लाई व्यापकरुपले छलफल गर्दा यस मुसिकोट नगरपालिकामा रहेको अपांग संरक्षण मन्च रुकुमलाई अपांग बालबालिकाहरलाई न्यानो पोषाक वितरण गरेबापत रु ५०,०००। (पचास हजार रुपैंया) उपलब्ध गराउने ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ लाई ब्यापक रुपले छलफल गर्दा निवेदक मुसिकोट नगरपालिका वडा नं. १ बस्ने महेन्द्र केसी समेतले यस नगर कार्यपालिका र नगरपालिका समेतलाको उपरमा उत्प्रेषण परमादेश रिट जारी गरी पाउँ भनि श्री उच्च अदालत ६ नं. प्रदेश (कर्णाली) प्रदेश सुर्खेतमा यस कार्यलयको नममा म्यद समेत जारी भैसकेकोले उक्त रिटको लिखित जवाफ प्रस्तुत गर्नको लागि नगर प्रमुख श्री देविलाल गौतमलाई प्रतिनिधि खटाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ लाई व्यापक छलफल गर्दा नेपाल सरकारको कानून बामोजिम यस मुसिकोट नगरपालिकामा स्थापना गरी सञ्चालन भैरहेको सार्वजनिक यातायात समिति

तथा संस्थाहरुको नियमानुसार सबै कागजात सहित रु ५०००। पाँच हजार शुल्क सहित २०७४।१२।०५ गते भित्र सुचिकृत गरि सक्ने निर्णय गरियो ।